# गढिमाई नगरपालिका
# जितपुर, बारा
# चौथौं नगरपारिषद २८ पौष २०७३
# नगरप्रमुख एवम कार्यकारी अधिकृत श्री डिल्लीराज वेल्वासेबाट प्रस्तुत आ.व. २०७४।७५ को निति, कार्यक्रम तथा बजेट बक्तब्य

कार्यक्रमका प्रमुख अतिथि माननीय सिचाँई मन्त्री श्री दिपक गिरीज्यू,
बिशिष्ट अतिथि माननीय सांसद एवँम पुर्व युवा तथा खेलकुद मन्त्री श्री पुरुषोत्तम पौडेलज्यू,
बिशिष्ट अतिथि माननीय सांसद श्री नेजमा खातुनज्यू
बिशिष्ट अतिथि माननीय सांसद श्री मधु शाहीज्यू
बिशिष्ट अतिथि माननीय सांसद श्री दिलमाया धामी थरुनीज्यू
बिशिष्ट अतिथि माननीय सांसद डा. श्री उषा किरण अंसारीज्यू
बिशिष्ट अतिथि पुर्व सभासद एवंम भुमिसुधार राज्यमंन्त्री श्री ज्वाला साहज्यू
बिशिष्ट अतिथि पुर्व सभासद एवंम तमोलोपा महामन्त्री श्री जितेन्द्र सोनलज्यू
बिशिष्ट अतिथि पुर्व सभासद श्री जयराम दाहालज्यू
श्री मान् प्रमुख जिल्ला अधिकारीज्यू
श्री मान् स्थानीय विकास अधिकारीज्यू
जिल्लास्तरीय बिभिन्न राजनैतिक दलका प्रमुख एवंम प्रतिनिधिज्यूहरु
नगरस्तरीय बिभिन्न राजनैतिक दलका प्रमुख एवंम प्रतिनिधिज्यूहरु
आमन्त्रीत बिभिन्न कार्यालयका कार्यालय प्रमुखज्यूहरु
आमन्त्रीत सुरक्षा निकायका प्रमुखज्यूहरु
सरकारी एवंम गैरसरकारी संस्थाका प्रमुख एवंम प्रतिनिधिज्यूहरु
संञ्चारकर्मि एवंम उपस्थित सम्पुर्ण नगरबासी महानुभावहरुमा सर्वप्रथम गढिमाई नगरपालिका र मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

सर्वप्रथम नेपाल र नेपाली जनताको सर्वोत्तम हित र लोकतन्त्र स्थापनाका लागि भएका बिभिन्न आन्दोलन, सशस्त्र आन्दोलन, मधेस आन्दोलनमा प्राण उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात विर शहिदहरुप्रति भावपूर्ण श्रदासुमन अर्पण गर्दछु ।

बि.सं २०७१ बैशाख २५ गते घोषणा भई २०७१ जेष्ठ १४ गते स्थापना भएको गढिमाई नगरपालिका तत्कालिन भवानीपुर जितपुर, पिप्रा सिमरा, डुमरवाना, फत्तेपुर र छातापिपरा गाँउ विकास समितिहरु मिलेर बनेको छ । यो नगरपालिकामा राष्ट्रिय गौरबको रुपमा रहेको निर्माणाधिन दोश्रो अर्न्तराष्ट्रिय बिमानस्थल, बिशेष आर्थिक क्षेत्र र औद्योगिक कोरिडर, कृषि तथा ब्यापारिक केन्द्रको पहिचानको रुपमा रहेको बिदितै छ । १६ वटा वडामा बिभाजित यस नगरपालिकाको कुल क्षेत्रफल १५३.९ बर्ग कि.मि. रहेकोछ भने २०६८ को जनगणना अनुसार कुल जनसंख्या ८३,३६७ रहेको छ । स्थानिय निकाय

पुर्नसरचना आयोगले नेपाल सरकारलाई हालै बुझाएको प्रतिवेदनमा यस नगरपालिकालाई उपमहानगरपालिकामा सिफारीस गरीएको ब्यहोरा स्मरण गराउन चाहन्छु ।

आगामी आ.व. २०७४।७५ को नगर विकास योजना तर्जुमा गर्दा प्रत्येक वडाका बस्ति र टोल विकास संस्थाहरुबाट योजनाको माग संकलन गरी वडा नागरिक मञ्च हुदै वडा भेलाहरु मार्फत सहभागीतामुलक योजना तर्जुमाका १४ चरणका प्रक्रियाको अभ्यास गर्दै राजनैतिक दलहरुको औपचारिक अनौपचारिक परार्मश तथा सक्रिय एवंम रचनात्मक सहभागीता साथै नगरस्तरीय एकिकृत योजना तर्जुमा समितिबाट योजना तथा कार्यक्रमलाई अन्तिम रुप प्रदान गरी नपा बोर्ड बैठक हुदै परिषद् सम्पन्न गर्न आई पुगिएकोले बस्तिस्तर, वडास्तर, नगरस्तरका आवश्यकता र चाहनालाई यस चौथौ नगरपरिषदको निर्णयले सम्बोधन गर्ने अपेक्षा गरेको छु ।

**आदरणिय महानुभावहरु,**

अब म यस नगरपालिकाले सामना गर्न परीरहेका केहि चुनौतीहरुको बारेमा उल्लेख गर्न चाहन्छु ।

१. स्थानीय निकायमा लामो समय देखि जनप्रतिनिधि बिहिनताको अवस्था

२. साधन श्रोतको सिमितता र जनताका असिमित अपेक्षा तथा आवश्यकताहरु

३. अब्यवस्थित शहरीकरण तथा भुमिको खण्डिकरण

४. बाताबरण प्रदुषण तथा फोहोरमैला ब्यवस्थापन

५. सार्वजनिक एलानी पर्ति जग्गाको संरक्षण र ब्यवस्थापन

६. कार्यालयको भौतिक पुर्वाधार तथा जनशक्तिको कमि

७. आन्तरीक श्रोत परिचालनको कमजोर अवस्था

८. वडाहरुमा भौतिक पुर्वाधार तथा सामाजिक विकासको असमानता

९. एकिकृत सम्पति कर कार्यान्वयन

**मैले आ.व. २०७४।७५ को निति तथा कार्यक्रमहरु तर्जूमा गर्दा देहायका मार्गदर्शक सिद्धान्तहरु अवलम्बन गरेको छु ।**

(क) नेपालको संबिधान २०७२,

(ख) स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र स्थानीय निकाय श्रोत परिचालन तथा ब्यवस्थापन कार्य बिधि २०६९

(ग) राष्ट्रिय योजना आयोगको चौधौं आवधिक योजना (२०७३।७४ - २०७५।७६)

(घ) संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य २०३० ले निर्धारण गरेका निति र कार्यक्रमहरु

(ङ) नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट बिभिन्न समयमा प्राप्त भएका निति निर्देशनहरु

(च) स्थानीय बालमैत्रि शासन राष्ट्रिय रणनिति र कार्यबिधि २०६८

(च) बाताबरणमैत्रि स्थानीय शासन प्रारुप २०७०

(छ) क्षेत्रगत योजना र यससंग सम्बन्धित नितिहरु

(ज) बिगतमा भएका समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त भएका सुझावहरु

नगरपालिका विकास योजना तर्जुमा गर्दा राजनैतिक दलका प्रतिनिधिहरु, बिषयगत कार्यालयहरु, गैरसरकारी एवम निजि क्षेत्र, नागरीक समाज, बालबालिका, महिला तथा अन्य लक्षित समुहहरुको सल्लाह र सुझाबहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु ।

**आदरणिय महानुभावहरु,**
अब म आ.व. २०७४।७५ का लागी नगरपालिकाले अवलम्बन गर्ने निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (१) भौतिक पुर्वाधार तथा बस्ती विकास

"गढिमाई नगरको उद्योग ब्यवस्था
पुरा गरौ रोजगारीको आवश्यकता"

(क) जनसहभागीतामा आधारीत योजना तथा कार्यक्रमहरुमा उपभोक्ताहरुको लागत सहभागीता शहरी क्षेत्रमा २० प्रतिशत र ग्रामिण क्षेत्रमा १५ प्रतिशत कायम गरी कडाईका साथ कार्यान्वयन गरीनेछ ।
(ख) नगरपालिकाको योजना तथा कार्यक्रम सम्पन्न भए पश्चात सार्वजनिक लेखा परिक्षण, सार्वजनिक सुनुवाई, अनुगमन तथा मुल्याङ्कन जस्ता कार्यलाई प्रभावकारी बनाईनेछ ।
(ग) निर्माण भएका अधुरा योजना तथा पुर्वाधार विकासका योजनालाई प्राथमिकता दिईनेछ ।
(घ) आगामी आ.व. ०७४।७५ देखि आ.व. ०७६।७७ सम्मको ३ बर्षलाई सडक बर्षको रुपमा मनाईने छ ।
(ङ) नगरक्षेत्र भित्रका सबै सडकहरुको क्षेत्राधिकार न्युनतम ६ मिटर कायम गरीने छ ।
(च) नगरस्तरीय सडक गुरु योजनालाई आ.व. ०७४।७५ भित्र तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
(छ) नगरपालिका क्षेत्रभित्र चक्रपथ निर्माणका लागी सम्भाब्यता अध्ययन गरी सो को निर्माण कार्यको लागी सम्बन्धित निकायमा पहल गरीनेछ ।
(ज) भुउपयोग योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
(झ) सार्वजनिक बाटो लगत कट्टा गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गरीनेछ ।
(ञ) नगर क्षेत्रभित्रका भवनहरुको नक्सा पास **"गढिमाई नगरपालिकाको भवन तथा योजना मापदण्ड सम्बन्धि निर्देशिका, २०७२"** बमोजिम कार्यान्वयन गरिनेछ ।
(ट) बैकल्पिक उर्जा प्रर्वद्धनका लागी नगरपालिकाको सार्वजनिक क्षेत्रहरुमा सौर्य सडक सोलार बत्ति जडान गरीनेछ ।
(ठ) ग्रामिण क्षेत्रमा पुर्वाधार विकास कार्यलाई प्राथमिकताका साथ लागु गरीनेछ ।
(ड) ग्रामिण क्षेत्रमा सञ्चालन हुने नगर क्षेत्र पुर्वाधार विकास योजनाहरुको कार्यान्वयन गर्दा ५० प्रतिशत लागत सहभागीतामध्ये नगरपालिकाले १० प्रतिशत अनुदान दिनेछ ।

## (२) सामाजिक विकास तथा गरीवी न्युनिकरण सम्बन्धि निति
(क) योजना, कार्यक्रम र बजेट निर्माणमा लैङ्गिक समानता तथा समावेशि नितिलाई अवलम्बन गरीने छ ।

(ख) नगर क्षेत्र भित्रका टोल विकास संस्थाको दर्ता प्रक्रियालाई उच्च प्राथमिकता दिदैं सबै वडाहरुमा टोल विकास संस्था गठन गर्दै दर्ता प्रक्रियामा ल्याईनेछ ।

(ग) नगर शिक्षा समिति र नगर स्वास्थ्य समिति गठन गरी योजना तर्जुमा प्रक्रियामा सक्रिय गराईनेछ ।

(घ) नागरीक सचेतना केन्द्रमा सिमित रहेको गरीवि निबारण कोष लाई सचेतना केन्द्र बाहेक नगरक्षेत्रको अन्य वडाहरुमा समुह बनाई लगानीको दायरा फराकिलो बनाईने छ ।

(ङ) महिला, बालबालिकाहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउन उल्लेखित योगदान पुर्‍याउनु भएका महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई दिईएको यातायात खर्चलाई निरन्तरता दिईनेछ ।

(च) महिला, दलित, आदिबासी, जनजाती, मधेसी, जेष्ठ नागरीक बालबालिकाहरुका लागी नगरस्तरीय भवन निर्माण गरीनेछ ।

## (३) राजश्व बृद्धि तथा राजश्व प्रशासन सुधार

(क) राजश्व परार्मश समितिको सुझाव अनुसार करका दरहरुमाहरुमा पुनरावलोकन गरीने, करका दायराहरु फराकिला बनाउने र बक्यौता करको असुलिलाई कडाईका साथ कार्यान्वयन गरीने छ ।

(ख) यस आ.व.मा एकिकृत सम्पति करको सम्पुर्ण तयारीहरु पुरा गरी आगामी आ.व. ०७४।७५ को श्रावण देखि कार्यान्वयनमा ल्याईने छ ।

ग) कर सम्बन्धि जनचेतना अभिबृद्धिका लागी कर सप्ताह मनाउदै नगरक्षेत्र भित्रका उत्कृष्ट करदाताहरुलाई सम्मान गरिनेछ ।

घ) गढीमाई नगरपालिका, आन्तरिक राजश्व कार्यालय र नगर उधोग बाणिज्य संघको संयुक्त अनुगमन टोली गठन गरी करको दायरामा नआएकालाई करको दायरामा ल्याउने र बक्यौत्ता कर असुली गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।

## (४) शिक्षा, स्वास्थ्य तथा सरसफाई

“गढिमाई नगरका हरेक कर्णधारको ईच्छा
आफ्नै नगरमा उच्च शिक्षा”

(क) बाताबरण मैत्रि स्थानिय शासन (EFLG) कार्यान्वयनमा प्राथकिमता दिईनेछ ।

(ख) सडक र पेटि अतिक्रमण गरी ब्यापार गर्ने, सडकमा जथाभावी निर्माण सामाग्री थुपार्ने, सडकमा जथाभावी फोहोर फ्याकि शहरी बाताबरण प्रदुषण गर्ने र सडकमा पशु चौपाया छाडा छोड्ने कार्यलाई नियन्त्रण गरीनेछ ।

(ग) बाताबरण प्रर्वधन गर्न तथा ऐलानी पर्ति जग्गाहरुको संरक्षणको लागी पोखरी निर्माण गर्ने, तारजाली तथा बृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरीनुका साथै बजार, सडक छेउहरुमा बृक्षारोपण कार्यक्रमलाई बिशष प्राथमिकता दिई सञ्चालनमा ल्याईनेछ ।

(घ) सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप फोहोर संकलन गर्ने कार्यलाई नपाका थप क्षेत्रहरु डुमरवाना, फत्तेपुर, छातापिपरामा बिस्तार गरीनेछ ।

(ङ) ग.न.पा. ४ औराहामा (रोजि एण्ड टरपेन्टाईन) को नाममा रहेको जग्गामा त्रिभुवन बिश्वबिद्यालयको चिकित्स शाष्त्र अध्ययन संस्थानको आंगिक क्याम्पसको रुपमा रहने गरी २०० बेडको मेडिकल कलेज स्थापनाको लागी सम्बन्धित निकायमा पहल गरीने छ ।

(च) ग.न.पा. ७ को उखुवाली अनुसन्धान केन्द्रको जग्गामा कृषि तथा बन विश्वविधालयको आङ्गिक कृषि क्याम्पस संचालनका लागि सम्बन्धीत निकायमा पहल गरिने छ ।

(छ) यस आ.व. भित्र वडा न १,२,३,४ लाई खुल्ला दिशा मुक्त घोषणा गर्दै आगामी आ.व. मा नगरपालिकालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरीनेछ । यस कार्यलाई प्रभावकारी बनाउन शौचालय भएका घरहरुमा सरसफाई कार्ड बितरण गर्दै सरसफाई कार्ड प्राप्त नगरेकाहरुलाई अन्य सरकारी कार्यालयहरुसगँ समन्वय गरी सरकारी सेवा सुबिधाबाट बञ्चित गरीनेछ ।

(ज) नगरपालिका क्षेत्रमा थप शहरी स्वास्थ्य क्लिनिक स्थापनाको लागी सम्बन्धीत निकायमा पहल गरीनेछ ।

(झ) ग.न.पां वडा नं ४ र ५ अर्न्तगत रहेको सार्वजनिक जग्गामा आधुनिक र ब्यवस्थित फोहोर प्रशोधन केन्द्रको निर्माण गरीने छ ।

(ञ) टोल विकास संस्थाहरुको समन्वया श्रोतमा नै सडने र नसडने फोहोरलाई बर्गीकरण गर्ने निति लिईनेछ । जथाभावी फोहोर गर्ने ब्यक्तिलाई फोहोर मैला ब्यवस्थापन ऐन र नियमावली अनुरुप कारबाहिको दायरामा ल्याईनेछ ।

(ट) सिटिईभिटि अर्न्तगत रहने गरी डुमरवाना क्षेत्रमा प्राविधिक शिक्षालय स्थापनाको लागी सम्बन्धित निकायमा बिशेष पहल गरीने छ ।

(ठ) छातापिपरा क्षेत्रमा त्रिभुवन बिश्वबिद्यालयको ईन्जिनियरी अध्ययन संस्थानको आगिंक क्याम्पसको रुपमा रहने गरी ईन्जिनियरीङ्ग कलेज स्थापनाको लागी सम्बन्धित निकायमा पहल गरीने छ ।

(ड) नगर क्षेत्र भित्र वातावरण प्रदुषण मापन यन्त्र जडान गर्ने कार्यलाई उच्च प्राथमिकता दिदैं आर्थिक श्रोतका लागी सम्बन्धित निकायमा पहल गरीनेछ ।

(ढ) बाताबरण प्रदुषण नियन्त्रण यन्त्र राखे नराखेको चेक जाँच गर्न अनुगमन टोलि गठन गरी सक्रिय रुपमा अनुगमन गर्ने र यन्त्र नराखेको नपाईएमा यन्त्र राख्न कडाईका साथ पहल गरीने छ ।

## (५) खेलकुद तथा पर्यटन प्रर्वद्धन

(क) गढिमाई नगर क्षेत्रभित्र पर्ने बालगंगा नदी तथा दुधौरा नदी नियन्त्रणमा तटबन्ध निर्माणका लागी बिशेष पहल गरीने छ ।

(ख) ग.न.पा ७ स्थित जितपुरमा रहेको ग्रीन पार्कको सम्भाब्यता अध्ययन कार्य यसै बर्ष सम्पन्न गरी आगामी आ.व. देखि गुरु योजना अनुरुपको भौतिक पुर्वाधार निर्माण कार्यको शुरुवात गरीने छ ।

(ग) नगरक्षेत्रभित्र रहेका बिभिन्न धार्मिक स्थलहरु (मन्दिर, मस्जिद, चैत्य, गुम्बा, चर्च आदि) को संरक्षण, सर्म्बद्धन र पुर्वाधार विकासका लागी सम्बन्धित निकायमा पहल गरीनेछ ।

(घ) गढीमाई नगरपालिका भित्र पर्यटन प्रर्वद्धनको लागि पर्सा बन्य जन्तु आरक्ष भित्र जंगल सफारीलाई प्रोत्साहन गरिने छ ।

(ङ) नगरक्षेत्र भित्र पर्यटन प्रर्वद्धनका लागी चालु आ.व. मा होमस्टेको पाईलटिङ्ग प्रोजेक्ट सञ्चालन गर्दै आगामी बर्षमा यस कार्यक्रमलाई बिस्तार गर्दै लगिनेछ ।

## (६) पशु तथा कृषि विकास

"गढिमाई नगरको पाडा भैसि ब्यापार
बनाउ अर्थको बलियो आधार"

(क) पाडा बजारलाई ग.न.पा. ५ स्थित बकुलियामा ब्यवस्थित गर्दै नपाको उपयुक्त स्थानमा एकिकृत र आधुनिक पशु बधशाला निर्माणका लागी सम्बन्धित निकायमा पहल गरीने छ।

(ख) ग.न.पा ७ जितपुर क्षेत्रमा नगरस्तरीय कृषि तथा बितरण केन्द्र निर्माणका लागी सम्बन्धित निकायमा पहल गरीने छ।

(ग) नगरपालिकाको स्वामित्वमा रहेको डुमरवाना, फत्तेपुर, नितनपुर क्षेत्रको सार्वजनिक जग्गामा सटरहरु निर्माण गरी बजार ब्यवस्थापन गरिनेछ।

(घ) नगरपालिका क्षेत्रमा कृषिको उत्पादन बढाउन सिचाँईका निम्ति कम्तिमा २५ वटा डिप बोरिङ्ग निर्माण गर्न नेपाल सरकार संग अनुरोध गरीनेछ।

(ङ) फत्तेपुर क्षेत्रमा कोल्ड स्टोर निर्माणको लागी सम्बन्धित निकायमा पहल गरीने छ।

## (७) संस्थागत क्षमता अभिबृद्धि तथा सेवा प्रवाहमा सुधार

(क) नगरको आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याईने छ।

(ख) सवै वडाहरुको समानुपातिक विकासलाई उच्च प्राथमिकतामा राखिने छ।

(ग)सरकारी तथा गैरसरकारी संस्थाहरुबाट नगरपालिका क्षेत्रभित्र सञ्चालन गरीने कार्यक्रमहरु नगरपालिकासंग समन्वय गरी कार्यान्वयन गर्न अनिवार्य गरीने छ।

(घ) यस नगरपालिकाका कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा पुरस्कृत र दण्डित गरीने निति लिईनेछ। कर्मचारी उत्प्रेरणा तथा प्रोत्साहनका लागी आधुनिक औजारको रुपमा रहेको कार्यसम्पादनका आधारमा न्युनतम शुन्य देखि अधिकतम २० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निति लिईनेछ।

## आदरणिय महानुभावहरु,

अब म आ.व. २०७२।७३ को यर्थाथ, चालु आ.व. २०७३।७४ को संशोधित र आगामी आ.व. २०७४।७५ को अनुमानित आय र व्यय बिवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७२।७३ मा नगरपालिका चालु अनुदान तर्फ रु. ४१,००,०००।००, नगरपालिका पुँजिगत अनुदान तर्फ रु. ३,२६,००,०००।००, स्थानिय बिकास शुल्क तर्फ रु. ८७,४३,०००।००, एल.जि.सि.डि.पी. चालु तर्फ रु. १८,५०,०००।००, आन्तरीक राजश्व र राजश्व बाँडफाड तर्फ रु. २,४७,२२,५७१।०० र सा.सु. भत्ता तर्फ रु २,७८,७२,३००।०० गरी कुल रु ९,९८,८७,८७१।०० आय र खर्च तर्फ चालु रु १,५१,००,०००।००, सा.सु. भत्ता रु २,७८,७२,३००।०० र पुजिगत तर्फ रु ५,६९,१५,५७१।०० गरी कुल रु ९,९८,८७,८७१।०० खर्च भयो।

आ.व. २०७३।७४ मा नगरपालिका चालु अनुदान तर्फ रु. ४१,००,०००।००, नगरपालिका पुँजिगत अनुदान तर्फ रु. ५,७१,४७,०००।००, शर्शत अनुदान तर्फ रु ६,२५,९५,०००।००, आन्तरीक आय तर्फ रु १,६५,००,०००।०० र राजश्व बाँडफाँड तर्फ रु ५०,००,०००।०० गरी कुल रु

१४,५३,४२,०००।०० आय हुने संशोधित अनुमान गरीएको छ भने खर्च तर्फ चालु रु १,९५,९६,०००।००, सा.सु भत्ता तर्फ रु ५,५३,९०,०००।००, अन्य पुजिगत खर्च रु ६,२५,९५,०००।०० गरी कुल रु १४,५३,४२,०००।०० खर्च हुने संशोधित अनुमान गरीएको छ ।

आ.व. २०७४।७५ मा नगरपालिका चालु अनुदान तर्फ रु. ४५,१०,०००।००, नगरपालिका पुँजिगत अनुदान तर्फ रु. ४,२८,६१,०००।००, शर्शत अनुदान तर्फ रु १३,०६,०२,०००।००, आन्तरीक आय तर्फ अनुमानित रु २,५०,००,०००।०० र राजश्व बाँडफाँड तर्फ रु ६०,००,०००।०० गरी कुल रु २०,८९,७३,०००।०० आय हुने अनुमान गरीएको छ भने खर्च तर्फ चालु रु २,२०,९६,०००।००, सा.सु भत्ता तर्फ रु ७,००,००,०००।००, अन्य पुजिगत खर्च रु १३,०६,०२,०००।०० गरी कुल रु २०,८९,७३,०००।०० खर्च हुने अनुमान गरीएको छ ।

अन्तमा, नगरको विकास योजना तयारीका सन्दर्भमा सम्पुर्ण वडावासीहरु, टोल विकास संस्था, नागरीक सचेतना केन्द्र, वडा नागरीक मञ्च, वडास्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, बिभिन्न संघ संस्थाहरु, नागरीक समाज, बिषयगत कार्यालयहरु, महिला, बालबालिका, फरक क्षमता भएका, दलित, आदिबासी जनजाती, मुस्लिम, पिछडाबर्ग लगायत लक्षित समुह, राजश्व परामर्श समति र एकिकृत योजना तर्जुमा समितिका पदाधिकार, न.पा. कर्मचारी, पत्रकार, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पुर्ण महानुभावमा हार्दिक कृतज्ञता सहित धन्यबाद दिदै बिशेष सहयोग गर्ने नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिहरुलाई हार्दिक आभार ब्यक्त गर्दे आगामी दिनमा नगर परिषदबाट पारित निति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सबैको सहयोग तथा राय सुझावको अपेक्षा राख्दै यहाहरुबाट बिदा हुने अनुमति चाहन्छु ।

धन्यबाद ।

**डिल्लीराज वेल्वासे**
**नगर प्रमुख तथा कार्यकारी अधिकृत**